# अनभिज्ञताको कारण गरिने केही त्रुटिहरूको वर्णन

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2015 - 1436

IslamHouse.com

# بعض الأخطاء الشائعة بسبب الجهل

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2015 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ।

**पुस्तक पाइने ठेगाना -:**

**□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका**

**व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)**

**सम्पर्क नं. ००९७७-९७२७६४९२३८**
**९८१४४९९१४०**

**सउदी नं. ००९६६५०१३७२२५४**

**□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया**

**Email- atiqkhannp1982@yahoo.com**

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैँयहदिहिल्लाहु फलामुजिल्ला लहु व मैँयुजलिल्हु फला हादियालहु वअश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत साथीहरू माथि जहाँहरूले यस सर्वव्यापी धर्मलाई पूर्ण संसार सम्म पुऱ्याए, र अल्लाह उनीसित प्रसन्न भएर भन्यो कि तमीहरू जे मनपरे गर मतिमीहरूलाई माफ गरें । र शान्ति होस् उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको

पद्धतिलाई उत्तम मानी उसैमाथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा केही यस्ता त्रुटिहरूको विवरण गरिएको छ जसलाई हाम्रो समाजमा अनभिज्ञताको कारण गरिन्छ, मान्छेलाई त्यसबारे केही थाहा हुँदैन वा देखादेखी त्यसलाई गरिन्छ । जसमध्ये केही त शिर्क ( बहुदेववाद ) को श्रेणीसम्म पुगेका हुन्छन्, तर हामीलाई यसबारे केही थाहा हुँदैन । आदरणीय मुहम्मद बिन जमील जैनु ज्यूले आफ्नो किताबमा यस्ता खालका थुप्रै त्रुटिहरूको वर्णन गरेका छन्, र मैले पनि आफ्नो किताब **सुन्नत र बिदअत** भित्र केही यस्ता त्रुटिहरूलाई समावेश गरेको छु । तसर्थ उपरोक्तका दुवै किताबहरूबाट केहीलाई चयन गरी, र केही अन्य नेपालमा प्रचलित र बहुचर्चित त्रुटिहरूलाई पनि त्यसमा समावेश गरी यस सानो पुस्तकलाई तयार पारेको छु र सबैलाई कुरआन र हदीसको प्रकाशमा वर्णन गर्ने प्रयास गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

लेखक
अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा
तौलिहवा कपिलवस्तु नेपाल
मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०
**Mob.00977-9727649238,9814499140**

यो कुरो सत्य हो कि यस संसारमा कुनै यस्तो व्यक्ति छैन जुन दोषमुक्त होस् । र जुन कहिले पनि त्रुटि नगरेको होस्, त यस्तो मान्छे मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम बाहेक कोही पनि जन्मेको छैन । र यो कुरो पनि सत्य हो कि कुनै मान्छे आफ्नो कर्मको आधारमा मात्र स्वर्गमा प्रवेश पाउने छैन । रसूल सल्लल्लाहो अलैहे वसल्लम पनि मात्र आफ्नो कर्मको आधारमा स्वर्गमा प्रवेश पाउने छैनन्, जस्तोकि हदीसमा उल्लेख छ कि “ कुनै पनि मान्छे आफ्नो कर्मको आधारमा स्वर्गमा प्रवेश गर्ने छैन, त सहाबाहरूले (उहाँ सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूले) सोधे हे अल्लाहका रसूल तपाई पनि ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नुभयो हो म पनि, यहाँसम्म कि अल्लाहको कृपा नहोस् ” । (बुखारी, मुस्लिम)

त यसको अर्थ यो होइन कि हामी कुकर्म गर्दै जाऔं र एक पछि आर्को त्रुटि गर्दै गरौं र भनौं कि जब कर्मबाट कोही पनि स्वर्गमा जाँदैन त

कर्मको के लाभ ? होइन कुरो यस्तो छैन त्रुटि त सबैबाट भइहाल्छ तर यसबाट बाँच्नु हाम्रो परम् कर्तव्य हो, अल्लाहलाई हाम्रो कर्मबाट कुनै सरोकार छैन अल्लाहले त मात्र हाम्रो नीयतलाई हेर्नेछ । र नीयतको आधारले हाम्रो कर्मको हिसाब हुनेछ । त कतिपय जना प्रलयको दिन धेरै सुकर्महरू लिएर आउने छन् तर नर्कमा जानेछन्, कारण हो उनीहरूको नीयत सही थिएन वा अत्याचार गरेका थिए वा कसैको हक हनन् गरेका थिए ।

तात्पर्य यो कि सकेसम्म कुकर्मबाट बाँच्नु अति आवश्यक छ । र कुकर्मबाट बाँच्नुको लागि त्यसको ज्ञान हुनु अति आवश्यक छ, यसलेगर्दा म यस किताबमा तपाईहरू समक्ष केही त्रुटिहरूको विवरण राख्ने छु जुन विशेष रूपमा वर्षौंदेखि चलि आएको छ, कदाचित अल्लाह यस पुस्तकद्वारा कसैलाई सुमार्गमा लगाउन् र हाम्रो किताब लेख्ने उद्देश्य पूर्ण गरुन् । अल्लाहसित विन्ती छ कि हामी सबैलाई कुकर्मबाट बाँच्ने शुद्ध ज्ञान प्रदान गरुन् ।

हाम्रो समाजमा कतिपय कुकर्महरू र त्रुटिहरूलाई कुकर्म नमानी गरिन्छ र यसको सबैभन्दा ठूलो कारण हो कुरीति र पेटपालू मौलानाहरू, जुन

जनसमुदायलाई सत्यबाट अवगत गराउँदैनन्, किनकि यिनै कुकर्महरूद्वारा उनीहरूको दोकान चलिरहेको हुन्छ, र उनीहरूको घरको दैनिक समस्याको समाधान पनि हुन्छ, यसलेगर्दा पेटपालू मुल्लाहरूको जालमा नपरिकन् सत्यलाई अपनाउने मेरो अनुरोध छ, साथै सत्यपथको खोज तपाईमाथि अनिवार्य छ । एउटा सहाबी हजरत हुजैफा रजिअल्लाहो अन्होको वर्णन छ कि सबै रसूल सल्लल्लाहो अलैहे वसल्लमसित हलाल (वैध)को बारेमा सोध्थे तर म हराम (अवैध)को बारेमा सोध्थें । र यसैकारण उहाँलाई साहिबो सिर्रिरसूल (रसूल सल्लल्लाहो अलैहे वसल्लमको रहसयको ज्ञाता) को उपाधि दिइएको थियो ।

त वास्तवमा गल्ती र त्रुटिलाई जान्नु र त्यसको ज्ञान राख्नु अति आवश्यक छ यसले जीवन व्यतीत गर्नु अति सजिलो र सरल भइहाल्छ, किनकि वैध र हलाल वस्तुहरूका संख्या हराम र अवैध वस्तुहरूको तुलनामा थुप्रै छन् तसर्थ हराम वस्तुहरूको ज्ञान भएपश्चात हलाल स्वतः प्रष्ट भइहाल्छ । र अरबीमा विधिशास्त्रीहरूको एउटा विधान छ कि “ संसारिक सबै कुराहरू हलाल छन् ती बाहेक जसबाट इस्लामीय विधानले मनाही गरेको होस्, र पूजा गर्ने सबै

गतिविधिहरू हराम छन् मात्र ती बाहेक जसको हुकुम गरिएको होस् "। त इस्लामको नीति प्रष्ट छ यसमा कुनै प्रकारको बाँङ्गोपना र कुटिलता छैन, तर यसलाई पेटपालू मोल्वीहरूले बाङ्गो बनाएका हुन् ।

अब यस कुरालाई बुझे उपरान्त केही प्रमुख त्रुटिहरूको वर्णन गरौं, र त्यसबाट आफूलाई बचाउने प्रयत्न गरौं !

□ कतिपयजना भन्छन् कि अल्लाह प्रत्येक ठाउँमा विराजित छ । मेरो शरीरमा नास्तिकको शरीरमा, कुकुर र गाई .... आदि भित्र पनि विराजित छ । यस कथनको अर्थ के हो भने प्रत्येक वस्तुभित्र अल्लाह विराजमान छ ।

त यस्तो कुरा भन्नु र यसमाथि आस्था राख्नु कुफ्र र नास्तिकता हो किनकि अल्लाह सातौं आकाशमाथि आफ्नो सिंहासनमाथि उच्च छ, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ٱلرَّحۡمَٰنُ عَلَى ٱلۡعَرۡشِ ٱسۡتَوَىٰ ۝٥ ﴾ طه: ٥

अर्थ : जो रहमान (अल्लाह) उच्चासन (अर्श) माथि उच्च छ । ( सूरतु ताहा ५ )

र आर्को सूरतमा अल्लाहको फर्मान छ :

﴿ إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ فِى
سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ يُغْشِى ٱلَّيْلَ ٱلنَّهَارَ يَطْلُبُهُۥ
حَثِيثًا وَٱلشَّمْسَ وَٱلْقَمَرَ وَٱلنُّجُومَ مُسَخَّرَٰتٍۭ بِأَمْرِهِۦٓ ۗ أَلَا لَهُ
ٱلْخَلْقُ وَٱلْأَمْرُ ۗ تَبَارَكَ ٱللَّهُ رَبُّ ٱلْعَٰلَمِينَ ﴿٥٤﴾ ﴾ الأعراف: ٥٤

अर्थ : कुनै सन्देह छैन कि, तिम्रो पालनकर्ता अल्लाह नै हो, जसले आकाशहरू र पृथ्वीलाई, छ (६) दिनमै सृष्टि गर्‍यो र त्यस पश्चात आफ्नो अर्श (सिंहसान) माथि उच्च भयो, उसैले रातीबाट दिनलाई यसरी ढाकिदिन्छ कि दिन रातीको पछि दौडेर आउँछ । र सूर्य, चन्द्र र ताराहरूको यसरी सृष्टि गर्‍यो कि सबै उसैको आदेशको अधीनमा हुन्छन् । हेर ! सम्पूर्ण सृष्टि उसैको हो र आदेश पनि उसैको हो । यो अल्लाह सर्वगुण सम्पन्न छ जो सबै ब्रह्माण्डको पालनकर्ताहो । ( सूरतुल् अअ्राफ ५४ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ فِى سِتَّةِ أَيَّامٍ
ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ ۖ يُدَبِّرُ ٱلْأَمْرَ ۖ مَا مِن شَفِيعٍ إِلَّا مِنۢ بَعْدِ

إِذۡنِهِۦۚ ذَٰلِكُمُ ٱللَّهُ رَبُّكُمۡ فَٱعۡبُدُوهُۚ أَفَلَا تَذَكَّرُونَ

﴿٣﴾ يونس: ٣

अर्थ : निःसन्देह तिम्रो पालनकर्ता त अल्लाह नै हो, जसले आकाश र पृथ्वीलाई छ (६) दिनमा सृष्टि गऱ्यो । अनि आफू सिंहासनमाथि उच्च भयो । उसैले प्रत्येक कुराको प्रबन्ध र सञ्चालन गर्दछ । कसैले (उसको समीपमा) उसको अनुमति प्राप्त नगरिकन् सिफारिश गर्न सक्तैन । यही अल्लाह तिम्रो पालनकर्ता हो, तसर्थ उसैको पूजा गर । के तिमीहरू अझै उपदेश ग्रहण गर्दैनौ । ( सूरतु यूनुस ३ )

र हदीसमा वर्णन छ :

अर्थ : हाम्रो पालनहार प्रत्येक रात्री संसारीय आकाशमा अवतरित हुन्छ । (बुखारी, मुस्लिम)

र हामीलाई यो थाहा नै छ कि अवतरण माथिबाट तल झर्ने कार्यलाई दर्शाउँछ । र एउटा आर्को हदीसमा छ :

अर्थ : के तिमीहरू मलाई ईमानदार मान्दैनौं जबकि म त्यसको नजिक ईमानदार छु जुन आकाशमा छ । (मुस्लिम)

दोस्रो कुरो, कतिपय जनाले उपरोक्तका श्लोकहरूको नेपाली व्याख्या गर्दाखेरि त्रुटि गरेका

छन् त्यसमा भएको शब्द “इस्तेवा”को अर्थ विराजमान वा विराजित गरेका छन् जुन सरासर गलत हो, यो त्रुटि मात्र अरबी भाषाको पूर्ण ज्ञान नभएको कारणले भएको हो, यसलेगर्दा कुरआनको व्याख्या पढदाखेरि सावधान रहनुहोला । किनकि त्यसको सही अर्थ हो “उच्च हुनु” । अल्लाहको लागि विराजमान हुनु र विराजित हुनु शब्दको प्रयोग सही छैन किनकि त्यसको अर्थ हो बस्नु र इस्तेवाको यो अर्थ कुनै विद्‌ले पनि वर्णन गरेको छैन । र यसबारे पूर्ण ज्ञानको लागि शैखुल इस्लाम इब्ने तैमियाको किताब अल्अकीदतुल् वासेतीयाको अध्ययन गर्नुहोस् ।

तात्पर्य योकि अल्लाहलाई प्रत्येक ठाउँमा विराजमान भन्नु कुफ्र र नास्तिकता हो, यो काफिरहरूको आस्था हो मुसलमानको होइन । बरु यो भन्नुपर्छ कि अल्लाह आफ्नो ज्ञान र अधिपत्य एवं शक्तिद्वारा प्रत्येक ठाउँमा विद्यमान छ । त यस्तो भन्नु नै सही र इस्लामीय विधान अनुकूल कुरो हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ قَالَ لَا تَخَافَآ إِنَّنِي مَعَكُمَآ أَسۡمَعُ وَأَرَىٰ ﴾ طه: ٤٦

अर्थ : (अल्लाहको) आदेश भयो तिमी अलिकति पनि नडराऊ, म तिम्रो साथमा छु र सुन्दछु र देख्दछु । (सूरतु ताहा ४६)
अर्थात तिमीहरूको साथमा छु आफ्नो ज्ञान सुरक्षा एवं सहायताद्वारा । (हेर्नुस्: तफ्सीर इब्ने कसीर)

☐ कतिपयजना यो भन्छन् कि यो ब्रह्माण्ड अल्लाहले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको कारण अविष्कार गरेका हुन् । तर यो कथन वास्तवमा अदृश्यको दावी गर्नुलाई सिद्ध गर्छ । र सबैलाई यो थाहा छ कि अदृश्यको कुरो अल्लाह बाहेक कसैलाई थाहा छैन । अल्लाहको फर्मान छ :

﴿ قُل لَّا يَعۡلَمُ مَن فِي ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ ٱلۡغَيۡبَ إِلَّا ٱللَّهُۚ وَمَا يَشۡعُرُونَ أَيَّانَ يُبۡعَثُونَ ٦٥ ﴾ النمل: ٦٥

अर्थ : भनिदिनुस् कि जो आकाशहरू र धरतीमा छन्, अल्लाह बाहेक कोही अन्तरयामी छैन उनीहरू त यो पनि जान्दैनन् कि कहिले उठाइनेछन् । (सूरतुन्नमल ६५)
त यो कथन सही छैन बरु अल्लाहले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको जन्मभन्दा पहिला नै यस ब्रह्माण्डको अविष्कार गरेको हो, र

सबैलाई आफ्नो पूजा अराधनाको लागि अविष्कार गरेको हो र केहीलाई हामीहरूको उपभोग गर्ने उद्देश्यले अविष्कार गरेको हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ ﴾ ٥٦

الذاريات: ٥٦

अर्थ : मैले जिन्न र मानिसहरूलाई यसकारण मात्र सृष्टि गरेको छु ताकि मेरो उपासना गरुन् ।
( सूरतुज्जारियात ५६ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ أَوَلَمْ يَرَ ٱلَّذِينَ كَفَرُوٓا۟ أَنَّ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ كَانَتَا
رَتْقًا فَفَتَقْنَٰهُمَا ۖ وَجَعَلْنَا مِنَ ٱلْمَآءِ كُلَّ شَىْءٍ حَىٍّ ۖ أَفَلَا
يُؤْمِنُونَ ٣٠ وَجَعَلْنَا فِى ٱلْأَرْضِ رَوَٰسِىَ أَن تَمِيدَ بِهِمْ
وَجَعَلْنَا فِيهَا فِجَاجًا سُبُلًا لَّعَلَّهُمْ يَهْتَدُونَ ٣١
وَجَعَلْنَا ٱلسَّمَآءَ سَقْفًا مَّحْفُوظًا ۖ وَهُمْ عَنْ ءَايَٰتِهَا
مُعْرِضُونَ ٣٢ وَهُوَ ٱلَّذِى خَلَقَ ٱلَّيْلَ وَٱلنَّهَارَ وَٱلشَّمْسَ
وَٱلْقَمَرَ ۖ كُلٌّ فِى فَلَكٍ يَسْبَحُونَ ٣٣ وَمَا جَعَلْنَا لِبَشَرٍ مِّن
قَبْلِكَ ٱلْخُلْدَ ۖ أَفَإِي۟ن مِّتَّ فَهُمُ ٱلْخَٰلِدُونَ ٣٤ كُلُّ نَفْسٍ

ذَآئِقَةُ ٱلۡمَوۡتِۗ وَنَبۡلُوكُم بِٱلشَّرِّ وَٱلۡخَيۡرِ فِتۡنَةٗۖ وَإِلَيۡنَا
تُرۡجَعُونَ ٣٥ ﴾ الأنبياء: ٣٠ - ٣٥

अर्थ : के ती मानिसहरूले जसले इन्कार गरे, यो देखेनन् कि यी आकाश र धरती एक आपसमा जोडिएका (थिए) । अनि हामीले तिनलाई अलग-अलग गर्‍यौं । र सम्पूर्ण जानदारहरूलाई हामीले पानीबाट सृष्टि गर्‍यौं । तैपनि यी मानिसहरूले ईमान किन ल्याउँदैनन् ? र हामीले धरतीमा पहाडहरू उभ्याइदिऔं ताकि त्यसले प्राणीहरूलाई हल्लाउन नसकोस् र हामीले त्यसमा फराकिला मार्गहरू बनायौं ताकि तिनीहरूले मार्ग प्राप्त गर्न सकुन् । र हामीले आकाशलाई एउटा सुरक्षित छत बनायौं, तैपनि तिनीहरूले हाम्रा निशानीहरूबाट विमुख भइराखेका छन् । उही अल्लाह नै हो जसले दिन र राती बनायो र सूर्य र चन्द्र पनि, प्रत्येक आ-आफ्ना कक्षमा परिक्रमा गरिराखेका छन् । हामीले तपाईंभन्दा पहिला पनि कसैलाई अमरता प्रदान गरेका छैनौं । अनि के तपाईंको मृत्यु भयो भने तिनीहरू सधैं बाँची रहने छन् ? प्रत्येक जीवले मृत्युको स्वाद चाख्नुपर्नेछ र हामीले राम्रो नराम्रो परिस्थितिहरूमा पारेर तिमी सबैको

परीक्षा लिन्छौं । अन्ततः तिमी सबैले हामीतिरै फर्केर आउनु छ । (सूरतुल् अम्बिया ३०-३५)
र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ أَهُمْ يَقْسِمُونَ رَحْمَتَ رَبِّكَ ۚ نَحْنُ قَسَمْنَا بَيْنَهُم مَّعِيشَتَهُمْ فِي الْحَيَاةِ الدُّنْيَا ۚ وَرَفَعْنَا بَعْضَهُمْ فَوْقَ بَعْضٍ دَرَجَاتٍ لِّيَتَّخِذَ بَعْضُهُم بَعْضًا سُخْرِيًّا ۗ وَرَحْمَتُ رَبِّكَ خَيْرٌ مِّمَّا يَجْمَعُونَ ﴿٣٢﴾ ﴾ الزخرف: ٣٢

अर्थ : के उनीहरूले तपाईंको पालनकर्ताको दयालुतालाई विभाजित गर्दछन् ? सांसारिक जीवनमा उनीहरूको जीवन यापनको साधन हामीले नै उनीहरूको बीचमा बाँडेका छौं, र हामीले उनीहरूमध्ये केही मानिसहरूलाई केही अन्य मानिसहरूभन्दा श्रेणीहरूको दृष्टिले उच्च राखेका छौं, ताकि उनीहरूले एक-अर्काको मातहतमा रहुन् । र तपाईंको पालनकर्ताको दयालुता त्यसभन्दा धेरै उत्तम छ जसलाई उनीहरूले समेटी राखेका छन् । ( सूरतुज्जुखरुफ ३२ )

त यो सिद्ध भयो कि यस ब्रह्माण्डलाई अल्लाहले आफ्नो पूजाको लागि अविष्कार गरेको हो, र त्यसमध्ये केहीलाई केहीमाथि प्रधान र श्रेष्ठ

बनाएको छ ताकि हामीलाई जाँचोस् र हाम्रो परीक्षा लेओस्, र ती मध्ये कतिपयलाई हामीहरूको उपभोगको लागि अविष्कार गरेको छ । तसर्थ यो भन्नु कि यो संसार मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको लागि अविष्कृत गरिएको छ सरासर गलत र निराधार छ ।

□ यस्तै कतिपयजना यो भन्दछन् कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई नूर प्रकाशद्वारा जन्माइएको छ र त्यसै नूरबाट समस्त वस्तुलाई अविष्कार गरिएछ । त यो पनि अल्लाहमाथि दोषारोपण हो र त्यसलाई झुट्ठा ठान्नु हो, र यो कुरो कुफ्र र नास्तिकता हो जस्तोकि अल्लाहको फर्मान छ :

﴿ قُلْ إِنَّمَآ أَنَا۠ بَشَرٌ مِّثْلُكُمْ يُوحَىٰٓ إِلَىَّ أَنَّمَآ إِلَٰهُكُمْ إِلَٰهٌ وَٰحِدٌ فَمَن كَانَ يَرْجُوا۟ لِقَآءَ رَبِّهِۦ فَلْيَعْمَلْ عَمَلًا صَٰلِحًا وَلَا يُشْرِكْ بِعِبَادَةِ رَبِّهِۦٓ أَحَدًۢا ﴿١١٠﴾ ﴾ الكهف: ١١٠

अर्थ : तपाई भनिदिनुस् कि म त तिमीहरू जस्तै एउटा मानिस हूँ तर हो मतिर "वह्य" अवतरित गरिन्छ कि सबैको पूजा योग्य त्यही एउटै पूजनीय छ। अनि जुन मानिसले आफ्नो आराध्यसँग साक्षात्कारको आशा राख्दछ त्यसलाई

आवश्यक छ कि असल कर्म गरोस् र आफ्नो पालनकर्ताको पूजामा अरु कसैलाई साझेदार नबनाओस् । (सूरतुल् कहफ ११०)

त अल्लाहको कथन छ कि मुहम्मद मान्छे मध्येका हुन् र यिनी दुष्टहरूको दुष्प्रयास छ कि उहाँलाई फरिश्ता मध्येको सिद्ध गरुन्, जुन सरासर कुरआनको विरोध हो । अल्लाहले तीन तथ्यद्वारा अर्थात तीन प्रकारका सृष्टिलाई अविष्कार गरेको छ जुन निम्न हुन्:

१- नूरी: जसलाई प्रकाशद्वारा अविष्कृत गरिएको छ जसरी फरिश्ताहरू अर्थात स्वर्गदूतहरू । र यिनीहरूको विशेषता यो हो कि मानव यनिीहरूलाई यिनीहरूको असल आकारमा हेर्न सक्दैन अर्थात यिनी मानव दृष्टिबाट अदृश्य छन् ।

२- नारी: जसलाई प्रज्जवलित आगोद्वारा अविष्कृत गरिएको छ, जसरी शैतान पिचास जिन्नहरू । यिनीहरू पनि मानव दृष्टिबाट अदृश्य छन् ।

३- खाकी: जसलाई माटोद्वारा अविष्कृत गरिएको छ, जसरी मनुष्य र अरु संसारमा भएको जीउ जन्तुहरू जसलाई हामी अआफ्ना दृष्टिहरूले आफू वरिपरि हेरिरहेका छौं ।

अब खाकीलाई नूरी सिद्ध गर्ने प्रयासमा रहनु कहाँको बुद्धिमानी हो । तसर्थ यो आस्था राख्नु कि रसूल सल्लल्लाहो अलैहे वसल्लम नूरी थिए नास्तिकहरूको आस्था सरह छ जसमा कण बराबर पनि फर्क छैन ।

☐ कतिपय जना यो धारणा राख्दछन् कि वलीहरू र अल्लाह बाहेक अरु कोही अदृश्यका कुराहरू जान्दछन् र अन्तरयामी छन् जसरी यो आस्था राख्नु कि ऋषि मुनि, ज्योतिषिहरू, वली र पीरहरू, बाबा र फकीर ..... आदिहरू अन्तरयामी छन् र अदृश्यको कुरालाई जान्दछन् । त यो आस्था मुसलमानको आस्था होइन बरु काफिरहरूको आस्था हो जस्तोकि अघि नै प्रमाणहरूद्वारा सिद्ध गरिसकें कि अल्लाह बाहेक कोही पनि अदृश्यको कुरालाई जान्दैन जस्तोकि अल्लाहको यस फर्मानलाई हेर्नुस् :

﴿ قُل لَّا يَعْلَمُ مَن فِي ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ ٱلْغَيْبَ إِلَّا ٱللَّهُۚ وَمَا يَشْعُرُونَ أَيَّانَ يُبْعَثُونَ ﴿٦٥﴾ ﴾ النمل: ٦٥

अर्थ : भनिदिनुस् कि जो आकाशहरू र धरतीमा छन्, अल्लाह बाहेक कोही अन्तरयामी छैन उनीहरू त यो पनि जान्दैनन् कि कहिले उठाइनेछन् । (सूरतुन्नमल ६५)

﴿ عَٰلِمُ ٱلۡغَيۡبِ فَلَا يُظۡهِرُ عَلَىٰ غَيۡبِهِۦٓ أَحَدًا ٢٦ إِلَّا مَنِ
ٱرۡتَضَىٰ مِن رَّسُولٖ فَإِنَّهُۥ يَسۡلُكُ مِنۢ بَيۡنِ يَدَيۡهِ وَمِنۡ خَلۡفِهِۦ
رَصَدٗا ٢٧ ﴾ الجن: ٢٦ - ٢٧

अर्थ : ऊ अदृश्य जान्नेवाला छ र कसैलाई आफ्नो परोक्षको कुरा प्रकट गर्दैन, हो, जुन पैगम्बरलाई रुचाउँछ उस बाहेक, तर उनको अगाडि र पछाडि पनि रक्षकहरू खटाइदिन्छ । ( सूरतुल् जिन्न २६,२७)

र हदीसमा वर्णन छ : " अल्लाह बाहेक कसैलाई अदृश्यको ज्ञान छैन " (बुखारी)

□ कतिपयजना दुःख परेमा यो भन्छन् कि हे अल्लाह मलाई यो दुःख किन दियौ म नै किन ? त यस्तो भन्नु अल्लाहमाथि टिप्पणी गर्नु हो, र यस्तो भन्नु वैध र दुरुस्त छैन किनकि अल्लाहको फर्मान छ :

﴿ كُتِبَ عَلَيۡكُمُ ٱلۡقِتَالُ وَهُوَ كُرۡهٞ لَّكُمۡۖ وَعَسَىٰٓ أَن
تَكۡرَهُواْ شَيۡـٔٗا وَهُوَ خَيۡرٞ لَّكُمۡۖ وَعَسَىٰٓ أَن تُحِبُّواْ شَيۡـٔٗا وَهُوَ
شَرّٞ لَّكُمۡۚ وَٱللَّهُ يَعۡلَمُ وَأَنتُمۡ لَا تَعۡلَمُونَ ٢١٦ ﴾ البقرة:
٢١٦

अर्थ : तिमीहरू माथि धर्मयुद्ध गर्नु अनिवार्य गरिएको छ, त्यो तिमीलाई कठिन लाग्न सक्छ । सम्भव छ तिमीलाई कुनै कुरा नराम्रो लागोस् तर वास्तवमा तिम्रो लागि त्यो हितकर होस्, र यो पनि सम्भव छ कि तिमीले कुनै कुरालाई राम्रो सम्झ तर तिम्रो निम्ति त्यो हानिकारक होस् । (यी कुराहरूको) वास्तविकताको जानकारी अल्लाहलाई छ तिमीहरू बुझ्दैनौ । (सूरतुल् बकरः २१६ )

बरु मान्छेले यो भन्नसक्छ कि अल्लाहले जुन मेरो भाग्यमा लेखेको थियो त्यही भयो, र यो भनोस्: “इन्ना लिल्लाहे वइन्ना इलैहे राजेऊन” अर्थात हामी सबै अल्लाहकै अधीन हौं र हामी सबैलाई अल्लाहतर्फ नै फर्किजानु छ । अल्लाहको फर्मान छ :

﴿ وَلَنَبۡلُوَنَّكُم بِشَيۡءٖ مِّنَ ٱلۡخَوۡفِ وَٱلۡجُوعِ وَنَقۡصٖ مِّنَ
ٱلۡأَمۡوَٰلِ وَٱلۡأَنفُسِ وَٱلثَّمَرَٰتِۗ وَبَشِّرِ ٱلصَّٰبِرِينَ ١٥٥ ٱلَّذِينَ
إِذَآ أَصَٰبَتۡهُم مُّصِيبَةٞ قَالُوٓاْ إِنَّا لِلَّهِ وَإِنَّآ إِلَيۡهِ رَٰجِعُونَ ١٥٦
أُوْلَٰٓئِكَ عَلَيۡهِمۡ صَلَوَٰتٞ مِّن رَّبِّهِمۡ وَرَحۡمَةٞۖ وَأُوْلَٰٓئِكَ هُمُ
ٱلۡمُهۡتَدُونَ ١٥٧ ﴾ البقرة: ١٥٥ - ١٥٧

अर्थ : र, हामीले कुनै न कुनै तरिकाबाट शत्रुको त्रास, भोकबाट, धनसम्पत्ति, ज्यान र फलहरूको कमीबाट तिम्रो परीक्षा गर्नेछौं, (तसर्थ) धैर्य गर्नेहरूलाई शुभ सन्देश सुनाइदिनु । यिनीहरूलाई जब कुनै आपत-विपत्ति आउँछ त भन्दछन् कि हामी अल्लाहकै अधीनमा हौं र हामी उसैतिर फर्केर जानेवाला छौं । यिनीहरूमाथि नै उनको पालनकर्ताको कृपा र उपकारहरू छन् र यिनै सत्य बाटोमा छन् । (सूरतुल् बकर: १५५-१५७)

र मान्छेलाई चाहियो कि दु:खमाथि संयम गरी संतोष गरोस् र अल्लाहसित त्यसको राम्रो पारितोषिकको आशा राखोस् । किनकि यदि कुनै मुसलमानलाई दु:ख आइपऱ्यो भने अल्लाह त्यसको त्यस कष्टको सट्टामा त्यसका पापहरूलाई क्षमा गरिदिन्छ, हदीसमा वर्णन छ :

अर्थ : यदि कुनै मुसलमानलाई कुनै कष्ट पुग्छ वा कुनै दु:ख पुग्छ वा त्यसको माल सन्तानमा कुनै हानि विपत्ति पुग्छ भने अल्लाह त्यसको सट्टामा त्यसका पापहरूलाई नष्ट पारिदिन्छन् । ( बुखारी, मुस्लिम)

☐ कतिपयजना केही मरेका मान्छेलाई मरहूम र शहीद भन्छन् ।

यो इस्लामीय विधान अनुसार जायज छैन किनकि वास्तवमा त्यो मान्छे शहीद हो वा त्यसमाथि अल्लाहको कृपा वा तिरस्कार छ यो कुरा अल्लाह बाहेक कसैलाई थाहा छैन किन भने यो गोप्य र अदृश्यको कुरो हो, र हामी मध्ये कोही पनि अन्तरयामी छैन । र आर्को कुरो के छ भने सबै कर्महरूको मूल आधार नीयतमाथि छ र नीयत छातीभित्र गरिन्छ जसको बारेमा अल्लाह र त्यस नीयत गर्ने व्यक्ति बाहेक कसै तेस्रोलाई ज्ञान हुँदैन, जस्तोकि हदीसमा वर्णन छ :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: अल्लाहलाई नै भलिभाँति थाहा छ कि कुन वास्तवमा अल्लाहको मार्गमा युद्धरत छ, र कसलाई त्यसको मार्गमा घाउ लागेको छ । (बुखारी)

यसलेगर्दा कसैलाई शहीद वा मरहूम भन्नु उचित छैन बरु यो भनियोस् कि यस मान्छेमाथि अल्लाहको दया कृपा होस्, र यस मान्छेलाई अल्लाह शहीदहरू मध्येको बनाओस्.... आदि ।

□ कतिपयजना यस्तो याचना गर्छन् कि हे अल्लाह आफ्नो नबी अथवा आफ्नो वली पीर...

आदिको प्रतापले हामीलाई फलाना वस्तु, कुरा,... प्रदान गर वा मेरो पापलाई क्षमा गर ।
त यस्ता कुरा र याचनाहरू बहुदेववादका कुरा र याचनाहरू हुन्, यस्तो याचना गर्नु इस्लाममा जायज छैन । बरु इस्लाममा बिना कुनै माध्यम अल्लाहसित माँग्नु उचित मानिन्छ, तसर्थ इस्लाममा कुनै पोप, पंडित, पादरीको मध्यस्थताको आवश्यकता छैन यस्ता धारणाहरू इस्लाम बाहेक ईसाई यहूदी र हिन्दू.... आदिका हुन् कि यी धर्महरूमा सृष्टि र स्रष्टा बीच एउटा मानव झैं सृष्टिको मध्यस्थताको आवश्यकता हुन्छ तर इस्लाममा यसको कुनै आवश्यकता छैन । अल्लाहको फर्मान छ :

﴿ وَإِذَا سَأَلَكَ عِبَادِي عَنِّي فَإِنِّي قَرِيبٌ أُجِيبُ
دَعْوَةَ الدَّاعِ إِذَا دَعَانِ فَلْيَسْتَجِيبُوا لِي وَلْيُؤْمِنُوا بِي
لَعَلَّهُمْ يَرْشُدُونَ ﴿١٨٦﴾ ﴾ البقرة: ١٨٦

अर्थ : (हे पैगम्बर !) जब तपाईसित मेरा भक्तहरूले मेरो बारेमा प्रश्न गरुन, तपाई तब भनि दिनुस् कि म (अल्लाह) तिम्रो धेरै नजिक छु मलाई पुकार्ने प्रत्येक व्यक्ति जहिले पुकार्दछ म स्वीकार गर्दछु । तसर्थ तिनीहरूलाई पनि यो

आवश्यक छ कि मेरो आदेशलाई मानुन् र म माथि आस्था राखुन् ताकि सत्य बाटो पाउन सकुन्। (सूरतुल् बकरः १८६)

﴿ وَقَالَ رَبُّكُمُ ٱدۡعُونِيٓ أَسۡتَجِبۡ لَكُمۡۚ إِنَّ ٱلَّذِينَ يَسۡتَكۡبِرُونَ عَنۡ عِبَادَتِي سَيَدۡخُلُونَ جَهَنَّمَ دَاخِرِينَ ٦٠ ﴾ غافر: ٦٠

अर्थ : र तिम्रो पालनकर्ताको आदेश छ कि "तिमी मसित प्रार्थना गर, म तिम्रो प्रार्थना स्वीकार गर्नेछु। जुन मानिसहरू मेरो उपासनाबाट घमण्डले अहंकार गर्छन्, अति शीघ्र नर्कमा तिरस्कृत भई प्रवेश गर्ने छन्। (सूरतु गाफिर ६०)

त सिद्ध यो भयो कि अल्लाहसित भक्त प्रत्यक्ष स्वयम् याचना गरोस् अल्लाह यसबाट प्रसन्न हुन्छन्। र यदि माध्यम बनाउन नै चाहन्छ भने अल्लाहका प्रशंसनीय नाम र त्यसका परिपूर्ण र सुन्दर विशेषताहरू र आफ्नो सुकर्मलाई माध्यम बनाओस् किनकि यस्तो गर्नु कुरआन र हदीसद्वारा प्रमाणित छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَلِلَّهِ ٱلۡأَسۡمَآءُ ٱلۡحُسۡنَىٰ فَٱدۡعُوهُ بِهَاۖ وَذَرُواْ ٱلَّذِينَ يُلۡحِدُونَ فِيٓ أَسۡمَٰٓئِهِۦۚ سَيُجۡزَوۡنَ مَا كَانُواْ يَعۡمَلُونَ ١٨٠ ﴾ الأعراف: ١٨٠

अर्थ : र राम्रा-राम्रा नाम अल्लाहकै लागि हुन् । यसर्थ ती नामहरूद्वारा नै उसलाई पुकार र यस्ता मानिससित सम्बन्ध पनि नराख जो उसको नामको सम्बन्धमा कुटिलता गर्छन् । यिनीहरू यसका निम्ति अवश्य नै दण्ड पाउने छन । (सूरतुल् अअ्राफ १८०)

र बुखारी मुस्लिमले वर्णन गरेको हदीसमा तीन मान्छेको कथा वर्णन छ जिनले विपत्ति आएमा अआफ्ना सुकर्महरूलाई माध्यम बनाई अल्लाहसित याचना गरेका थिए । यसर्थ अल्लाहको नाम र विशेषता एवं सुकर्मलाई माध्यम बनाई याचना गर्नु प्रमाणित र सिद्ध छ तर यसबाहेक कसै अरु मरेर माटो भइसकेको मान्छेलाई आफू र आफ्नो पालनकर्ता बीच माध्यम बनाउनु प्रमाणित छैन ।

□ कतिपय कुरआनको पाठ गरेपश्चात **सद्कल्लाहुल् अजीम** भन्दछन् । यो कुरो पनि ठीक छैन, बरु यो बिदअत हो । नत यसलाई नबी सल्लल्लाहो अलैहे वसल्लमले भनेका हुन्

नत सहाबाहरूले र ताबईनहरूले नै भनेका हुन् । तर यस बिदअतले एउटा सुन्नतलाई अवश्य बिर्साएको छ र त्यो सुन्नत हो: कुरआनको पाठ गरे पश्चात अल्लाहसित याचना गर्नु, जस्तोकि हदीसमा उल्लेख छ कि “ जसले कुरआनको पाठ गऱ्यो त्यो यसको माध्यमले याचना गरोस् ” । ( तिर्मिजी)

अर्थात कुरआनको पाठ गरे पश्चात अल्लाहसित सांसारिक र परलौकिक हित र भलाईको याचना गरोस् इन्शाअल्लाह दुआ कबूल हुनेछ । तर सद्‌कल्लाहुल् अजीम भनि दुआबाट मुख फर्काउनु उचित छैन यसबाट बाँच्नु नै इस्लामीय विधान अनुकूल हो ।

□ कतिपयजना शअ्‌बान महिनाको पन्द्रहौं रात्रीलाई पूजा अराधनाको लागि विशेष गर्छन् जुन कि सरासर गलत हो । यस्तो गर्नु नत रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रमाणित छ नत सहाबा एवं ताबईनसित नै साबित छ, नत धर्मविद्‌हरूबाट नै प्रमाणित छ, यसलेगर्दा यस्तो गर्नु बिदअत हो । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “ जसले हाम्रो यस धर्ममा कुनै यस्तो नौलो कार्यको अविष्कार गऱ्यो

जुन यसमध्येको होइन त त्यो अस्वीकृत छ ” । ( बुखारी)

तसर्थ यस्ता बिदअतहरूबाट बाँच्नुस् जुनकि हामीलाई नर्कसम्म पुऱ्याएर नै छाड्छन्, बरु कतिपय बिदअतहरू त नर्कमा हालेर नै छाड्छन् ।

□ कतिपयजना कसैमाथि रिसाएर वा त्यस्तै त्यसको उपहास गर्दै भन्छन् हे गद्हा, हे सुंगुर, हे कुकुर....आदि यस जस्ता समस्त नाम एवं उपाधिद्वारा कसैलाई सम्बोधित गर्नु हराम र अवैध छ, जस्तोकि हदीसमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो :

अर्थ : आफ्नो साथीलाई हे गद्हा, हे कुकुर नभन किनकि त्यो प्रलयको दिन तिमीसित भन्नेछ कि के तिमी मलाई गद्हा सुंगुर र कुकुरको रूपमा हेरिरहेका छौ ? । (इब्ने अबी शैबा)

त यस्तो भन्नु अमानवीय पनि छ र सम्बोधित गरिएको मान्छेलाई दुःख पनि हुन्छ । र इस्लामले यस्ता गतिविधि जुन अरुलाई दुःख पुगाओस् त्यसलाई हराम गरेछ, र यस्तो नगर्नुलाई साक्षात आस्थाको दर्जा दिएको छ जस्तोकि हदीसमा वर्णन छ :

अर्थ : आस्थावान त्यो हो जुन आफ्नो हात र जिब्रोद्वारा कसैलाई कष्ट नपुऱ्याओस् । ( मुस्लिम)

र अल्लाहको फर्मान छ :

﴿ ۞ وَلَقَدۡ كَرَّمۡنَا بَنِيٓ ءَادَمَ وَحَمَلۡنَٰهُمۡ فِي ٱلۡبَرِّ وَٱلۡبَحۡرِ وَرَزَقۡنَٰهُم مِّنَ ٱلطَّيِّبَٰتِ وَفَضَّلۡنَٰهُمۡ عَلَىٰ كَثِيرٖ مِّمَّنۡ خَلَقۡنَا تَفۡضِيلٗا ٧٠ ﴾ الإسراء: ٧٠

अर्थ : निश्चित रूपले हामी आदमको सन्तानलाई धेरै मर्यादा प्रदान गऱ्यौं, र उनलाई जंगल र समुँद्रमा सवारी दियौं र पवित्र आधार प्रदान गऱ्यौं, र आफ्ना धेरै प्राणीहरूमाथि श्रेष्ठता प्रदान गऱ्यौं । ( सूरतुल् इस्रा ७० )

त जब सबै एउटै पुरुष र महिलाका संतति मध्येबाट हुन् भने कसैलाई कुकुर र सुंगुर भन्नु कसरी उचित हुन्सक्छ ? आफै विचार गर्नुस् ?

□ कतिपयजना हन्दि र गैर मुस्लिमहरूको चाडपर्वमा उपस्थित भई त्यसमा सहभागी र साझीदार हुन्छन्, र उनीहरूलाई बधाई दिन्छन् । त यो कार्य पनि इस्लामीय दृष्टिले वैधानिक छैन किनकि यस्तो गर्नु उनीहरूको धर्म र आस्थालाई

सर्मथन र सत्य मान्नुलाई बोध गर्छ । र अल्लाहको भनाई छ :

﴿ وَلَن تَرۡضَىٰ عَنكَ ٱلۡيَهُودُ وَلَا ٱلنَّصَٰرَىٰ حَتَّىٰ تَتَّبِعَ مِلَّتَهُمۡۗ قُلۡ
إِنَّ هُدَى ٱللَّهِ هُوَ ٱلۡهُدَىٰۗ وَلَئِنِ ٱتَّبَعۡتَ أَهۡوَآءَهُم بَعۡدَ ٱلَّذِي
جَآءَكَ مِنَ ٱلۡعِلۡمِ مَا لَكَ مِنَ ٱللَّهِ مِن وَلِيّٖ وَلَا نَصِيرٍ ١٢٠ ﴾

البقرة: ١٢٠

अर्थ : तपाईसँग यहूदी र ईसाई कहिले पनि सहमत हुने छैनन्, जबसम्म तपाई तिनीहरूको धर्मको अनुयायी बन्नु हुन्न । (हे पैगम्बर !) भनिदिनु कि अल्लाहको मार्गदर्शन नै मार्ग दर्शन हो र तपाईसंग ज्ञान आइसके पछि पनि यदि तपाईले उनीहरूको इच्छाको वकालत गर्नुभयो भने अल्लाहसंग तिम्रो न कुनै पक्षधर हुनेछ न कोही सहायता गर्नेवाला । (सूरतुल् बकर: १२०) र विद्हरूको कथन छ कि गैर मुस्लिमहरूको चाडपर्वमा सहभागी हुनु र उनीलाई बधाई दिनु र उनीहरूको पर्व मनाउने ठाउँमा जानु जायज छैन ।

यसलेगर्दा यस्ता कार्यहरूबाट टाढा रहनु नै उचित छ किनकि उनीहरूसंग जति भलाई गरेपनि हाम्रो शत्रु नै रहन्छन् जस्तोकि कुरआनको श्लोकबाट सिद्ध भयो ।

☐ कतिपयजना खाना खानु समय **बिस्मिल्लाहिर्रहमानिर्रहीम** भन्छन् जबकि पूर्ण बिस्मिल्लाह ... भन्नु हदीसहरूबाट प्रमाणित छैन बरु पूर्ण बिस्मिल्लाह... कुरआनको पाठन गर्नुभन्दा पहिला पढनु प्रमाणित छ । र खाना खानुभन्दा अघि मात्र **बिस्मिल्लाह** भन्नु नै प्रमाणित छ जस्तोकि हदीसमा छ कि "जब कुनै व्यक्ति खाना खाने आरम्भ गरोस् त बिस्मिल्लाह भनोस् तर यदि खाना आरम्भ गर्ने समय भने छैन भने बिस्मिल्लाहे अव्वलहू वआखिरहू भनोस्" । (अबू दाऊद)

☐ कतिपयजना जब कसैको मृत्युको खबर मिल्छ त मृतकको आत्मालाई फातिहा पढेर बक्सन्छन् (अर्पित गर्छन्) । त यस्तो गर्नु बिदअत हो, र यस्तो गर्नु हाम्रो पूर्वजहरूबाट प्रमाणित छैन । र नत यस्तो रसूल सल्लल्लाहो अलैहे वसल्लमले नै गरेका छन् नत सहाबी एवं ताबई र सदाचारी धर्मशास्त्रीहरूले नै यस्तो गरेका छन्, बरु मृतकको लागि दुआ गर्नु प्रमाणित छ, तसर्थ दुआ गर्नु नै उचित छ । अर्थात यो भन्नु कि अल्लाह मृतकलाई क्षमा गरोस् त्यसलाई शान्ति देओस् ... आदि ।

□ कतिपयजना मृतकमाथि कुरआनको अथवा विशेषरूपले सूरतु यासीनको पाठ गर्छन् । त यो सरासर अवैधानिक छ किनकि पवित्र कुरआनको अवतरण त जीवितहरूको मार्गदर्शनको लागि भएको हो ताकि त्यसको प्रकाशमा सत्यपथलाई ग्रहण गरुन्, र त्यसका निर्देशनहरूबाट उपदेश ग्रहण गरुन् । र मृतक विचारा त अब यसबाट वंचित भइसकेको छ यस्तो गरेमा त्यसलाई कुनै लाभ पुग्नेवाला छैन । अल्लाहको फर्मान छ :

﴿ لِّيُنذِرَ مَن كَانَ حَيًّا وَيَحِقَّ ٱلْقَوْلُ عَلَى ٱلْكَٰفِرِينَ ٧٠ ﴾

﴿ يس: ٧٠ ﴾

अर्थ : ताकि उसले त्यस्ता सबैलाई सचेत गरिदेओस् जो जीवित छन् । र काफिरहरूमाथि दुष्कर्म प्रमाणित भइजाओस् । (सूरतु यासीन ७०) र दोस्रो कुरो के छ भने मृतकमाथि कुरआनको पाठन गर्नु नबी सल्लल्लाहो अलैहे वसल्लम र सहाबाहरू एवं ताबईनहरूबाट प्रमाणित छैन बरु मृतकको लागि दुआ गर्नु साबित छ । यसलेगर्दा त्यही कार्य गर्नुस् जसलाई नबी सल्लल्लाहो अलैहे वसल्लमले गरेका छन् र जसको प्रमाण कुरआन र हदीसबाट सिद्ध छ । र बिदअतहरूबाट

टाढा नै रहनु किनकि बिदअतहरू मात्र पेटपालू मौलानहरूले गरेको अविष्कृत कुराहरू हुन् ।

□ यस्तै कतिपय चिहानलाई पक्की बनाउँछन् र त्यसमाथि मिजार बनाई मेला लगाउँछन् त्यहाँ भेला हुन्छन् र चिहानमाथि नाम लेख्दछन् .... आदि । त यी समस्त कार्यहरू इस्लामीय दृष्टिमा हराम र अवैध छन् । हदीसमा वर्णन छ कि : "रसूल सल्लल्लाहो अलैहे वसल्लमले चिहानलाई पक्की बनाउनु र त्यसमाथि मिजार बनाउनुबाट मनाही गर्नु भएको छ" । (मुस्लिम)

त हे भाइ ! यस जस्ता समस्त वर्जित कार्यहरूबाट आफूलाई जोगाऊ र आफ्नो जीवनलाई कुरआन र हदीसका निर्देशन अनुसार व्यतीत गर्ने प्रयास गर । र पेटपालू मोल्वीहरूको फकाइ र जालबाट टाढा नै रहनु, यसैमा तपाईको कल्याण छ, र यसो गरी नै तपाईलाई लोक परलोकको सफलता प्राप्त हुनेछ, र तपाईको दुवै जीवन सुखमय र आनन्दित हुन्छ र यसो गरी नै तपाई परम् प्रशान्ति र परम् आनन्दको उपभोग गर्न सक्नु हुनेछ । यसर्थ मेरो परार्मश मान र मैले भनेको उपदेशलाई ग्रहण गरी संसारिक र परलौकिक जीवनमा सफलता प्राप्त गर अल्लाहसित विन्ती छ कि अल्लाह

हामी सबैलाई यसको लागि शक्ति प्रदान गरुन्, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको परिपूर्ण अनुयायी बनाई आस्थाको अवस्थामा हामीलाई यस संसारबाट उठाउन् । (आमीन)

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभान्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९ महुवा तौलिहवा कपिलवस्तु नेपाल**
Mob. No.00977-9847030780-9727649238
00966-0501372254
Email-atiqkhannp1982@yahoo.com